**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल**

**लेना सुन्ध**
**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तकी नेपालस्थित प्रतिनिधि**

**५८औँ अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको अवसरमा**
**२०६३ मङ्सिर २४**

विशिष्ट पाहुना, मित्रहरू,

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त लुइस आर्वरको प्रतिनिधित्व गर्दै यो ५८औँ अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका लागि धेरै प्रकारले अत्यन्त महत्वपूर्ण रहेको वर्षको अन्त्यमा तपाईंहरूबीच आज यहाँ हुन पाउँदा म गौरवान्वित भएकी छु ।

मानवअधिकार दिवसले गत वर्षमा मानवअधिकारको प्रतिरक्षा र प्रबर्द्धनमा भएका उपलब्धीहरूबारे विचार गर्न तथा हाम्रा अगाडिका चुनौतीहरूको लेखाजोखा गर्न एउटा अवसर प्रदान गर्दछ । विस्तृत शान्ति सम्झौतामा हालै भएको हस्ताक्षरले ११-वर्षे द्वन्द्वको औपचारिक रूपले अन्त्य गरेको छ । म यो द्वन्द्वको अवधिमा मानवअधिकार दुर्व्यवहारको सिकार भएकाहरू - विशेषतः ती जो मारिए वा बेपत्ता पारिए र ती जो डरलाग्दो हिंसाबाट पीडित भएका छन् - लाई सम्झदै सुरु गर्न चाहन्छु । हामीले मानवअधिकारकर्मीको रूपमा, मानवजातिको रूपमा तिनलाई बिर्सनु हुँदैन । हामी मारिएकाका परिवारहरूलाई सहयोग गर्ने र बाँच्न सफल भएकाहरूको जीवन पुनःस्थापन गर्ने हाम्रा प्रयासहरूमा थाक्नहुँदैन । हामीले यी मानवअधिकार उल्लङ्घन निम्त्याउने कारणहरूलाई सम्बोधन गर्ने परिवर्तनका लागि कामलाई जारी राख्नुपर्छ, जसले गर्दा यस्ता उल्लङ्घनहरू नेपालमा पुनः कहिल्यै दोहोरिँदैनन् ।

उच्चायुक्तले विस्तृत शान्ति सम्झौताका मानवअधिकारसम्बन्धी सबै पक्षको अनुगमनमार्फत् शान्ति प्रक्रियालाई सघाउन आफ्नो कार्यालयलाई प्रतिबद्ध गराउनु भएको छ । उच्चायुक्तको कार्यालय, नेपालले विकास क्षेत्र तथा जिल्लाहरू, विशेषतः ती जिल्लाहरू जहाँ मानवअधिकारको स्थिति बढी अस्थिर छ, मा आफ्ना अनुगमन गतिविधिहरूलाई प्राथमिकता दिनेछ । देशका सबै भागमा रहेका तथा सबै समुदायका नेपालीलाई मानवअधिकार दुर्व्यवहारमुक्त जीवन जिउने अधिकार छ ।

उच्चायुक्तको कार्यालय, नेपालले आफ्नो अनुगमन कार्यका साथै सङ्क्रमणकालीन अवधिमा तीनवटा मुद्दामा आफ्नो ध्यान केन्द्रित गर्नेछ जसलाई भविष्यमा नेपालमा मानवअधिकार दुर्व्यवहारहरू हुनेछैनन् भन्ने सुनिश्चित गर्न सम्बोधन गरिनुपर्दछ भन्ने हाम्रो विश्वास छ ।

प्रथमतः, दण्डहीनताको अन्त्य गरिनुपर्दछ, विशेषतः गम्भीर मानवअधिकार दुर्व्यवहारका लागि । सत्तामा रहेका र सार्वजनिक दायित्व भएकाहरू, विशेषतः राज्यको सुरक्षाफौज, आमजनताप्रति जवाफदेही हुनुपर्दछ । मानवअधिकार उल्लङ्घनहरू नदोहोरिने कुराको सुनिश्चित गर्न कुनै नयाँ वा सुधारिएको सुरक्षाफौजलगायतका सुरक्षाफौजभित्र कानुनप्रति जवाफदेही हुने नयाँ संस्कृतिको सिर्जना गर्न अति आवश्यक छ । द्वन्द्वको क्रममा दुवै पक्षद्वारा गम्भीर मानवअधिकार उल्लङ्घनहरू भए र शान्तिका खातिर भनेर यिनलाई कार्पेटमुनि दबाइयो भने भावी मानवअधिकार संरक्षणका लागि खतरनाक परिणामहरू हुनेछन् । लोकतान्त्रिक समाजमा आफ्नो उचित भूमिका निर्वाह गर्न कानुन र व्यवस्था कायम राख्ने दायित्व भएको सुरक्षाक्षेत्र कानुनप्रति जवाफदेही हुनुपर्दछ । जवाफदेहीता द्वन्द्वको क्रममा विगतमा दुवै पक्षद्वारा भएका दुर्व्यवहारहरूको सम्बोधन गर्ने प्रयत्न गरेर सुरु हुन्छः तिनको अनुसन्धान गरेर, अभियोजन गराएर र जिम्मेवारहरूलाई जवाफदेही बनाएर ।

दोस्रो, पूर्ण क्रियाशील कानुन कार्यान्वयन तथा फौजदारी न्याय प्रणाली हुनुपर्छ । नेपाल प्रहरीलाई कानुनी शासन पुनःस्थापना गर्न व्यवसायिक तथा प्रभावकारी ढङ्गले तिनका आफ्ना कर्तव्यहरू पालन गर्न देशभरका समुदायमा चौकीहरूमा पुनः तैनाथ गरिनुपर्दछ । नागरिक प्रहरीमार्फत् अनुगमन गरी सुरक्षा उपलब्ध गराउने कार्य राज्यका सबैभन्दा महत्वपूर्ण मानवअधिकारसम्बन्धी दायित्वहरूमध्ये एक हो । एउटा ऐतिहासिक घडीमा यो राजकीय दायित्व पूरा गर्न नेपाल

प्रहरीलाई अनुरोध गरिएको छ, र उनीहरू स्रोतयुक्त र उचित रूपले तालिमप्राप्त हुनुपर्दछ । फौजदारी न्याय प्रणालीले पनि सशक्त र स्वतन्त्र रूपमा कार्य गर्नुपर्दछ र दलित र ग्रामीण गरिब जस्ता न्यायको पहुँच प्राप्त गर्नमा परम्परागत रूपले कठिनाई भएकाहरूलगायतका सबै नेपालीलाई यसको पहुँच हुनुपर्दछ । यौन हिंसाबाट पीडित महिलाहरूलाई पनि कानुनको पूर्ण संरक्षण हुनुपर्दछ र न्याय प्रणालीमा पहुँच प्राप्त गर्न उनीहरूले हाल सामना गरेका बाधाहरू हटाइनुपर्दछ ।

तेस्रो, मधेसी, दलित, जनजाति, बादी जस्ता समुदायहरू, पूर्वकमैया जस्ता समूहहरू, अपाङ्गहरू र यौन अल्पसङ्ख्यकहरू विरुद्ध लामो समयदेखिका भेदभाव तथा सामाजिक बहिष्करणलाई सम्बोधन गर्नु अति आवश्यक छ । यस्तो गाडिएर रहेका भेदभावलाई सम्बोधन र परिवर्तन गर्नु सजिलो कार्य होइन । यो कार्य रातारात पूरा गर्न सकिंदैन । तर, विस्तृत शान्ति सम्झौतामा यो समस्यालाई स्वीकारेर सम्बन्धित पक्षहरूले परिवर्तनको बाटो खोलेका छन् । राजनीतिक प्रक्रियाबाट परम्परागत रूपमा बाहिर राखिएका ती मानिसले नयाँ नेपालको आकार दिनमा समान रूपमा सहभागी हुन सकून् भन्ने सुनिश्चित गर्न यो प्रतिबद्धताका साथसाथै व्यवहारिक उपायहरू अपनाइनुपर्दछ ।

उच्चायुक्त लुइस आर्वरले यस वर्षको मानवअधिकार दिवसका लागि छान्नुभएको अन्तर्राष्ट्रिय विषय हो - गरिबी । संसारभर पत्रिकाहरूमा मानवअधिकार दिवसका लागि प्रकाशित एउटा लेखमा उच्चायुक्तले लेख्नुभयोः "प्रायः गरिबी मानवअधिकार उल्लङ्घनहरूको कारण र परिणाम दुवै हो । गरिबी भनेको आय तथा भौतिक वस्तुहरूको अपर्याप्तता मात्र होइन, स्रोत, अवसरहरू र सुरक्षाको अभाव पनि हो जसले प्रतिष्ठाको अवमूल्न गर्दछ र गरिबीको जोखिमतालाई अझ बढाउँदछ । यो शक्तिको बारेमा पनि होः सार्वजनिक जीवन र परिवारमा कसले यसको प्रयोग गर्दछ र कसले गर्दैन भन्ने ।"

एसियाका सबैभन्दा गरिब देशहरूमध्येको एउटा देश नेपालमा दसौं लाख मानिसका लागि भेदभाव र गरिबीका बीच प्रत्यक्ष सम्बन्ध छ - भेदभावले मानिसलाई अवसर र स्रोतहरूसँगको पहुँचमा बाधा सिर्जना गर्दछ । भेदभावको उन्मूलन गरी गरिबीका मूल कारणहरूमध्येको एउटालाई सम्बोधन गर्न राज्यको तत्कालीन र दीर्घकालीन उपायहरू अपनाउनुपर्ने दायित्व हुन्छ । उदाहरणका लागि, नेपालमा महिलाको स्थिति उनीहरू कुन समुदायभित्र पर्दछन् भन्ने कुराले स्पष्ट फरक पारेको हुन्छ । तर, सबै महिलामा भएको साझा कुरा के हो भने उनीहरूमा आ-आफ्ना समुदायका पुरुषहरूभन्दा कम शक्ति छ । संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्ताव १३२५ ले उल्लेख गरे झैं महिलाहरूले द्वन्द्वपछिका शान्तिनिर्माणका पहलहरूमा सक्रिय भूमिका निर्वाह गर्न अति आवश्यक छ । गाउँदेखि राष्ट्रियस्तरसम्म समाजका सबै तहका निर्णय गर्ने निकायहरूमा महिलाहरूको प्रतिनिधित्व हुनुपर्दछ । महिलाविरुद्ध गाडिएर रहेको यो भेदभावलाई सम्बोधन गरेर नेपालले पनि गरिबीको समस्यामा ध्यान केन्द्रित गर्न आफ्ना मानव संसाधनको पूर्ण रूपले उपयोग गर्नेतर्फ एउटा प्रमुख कदम चाल्नसक्छ ।

नेपालमा भेदभाव उन्मूलन गरी गरिबीका कारणहरू निर्मूल गर्नमा योगदान पुऱ्याउनसक्ने उपायहरूको विकासमा सघाउन उच्चायुक्तको कार्यालय, नेपालले आउँदो सरकार तथा नेपालमा सीमान्तकृत समुदायहरूको प्रतिनिधित्व गर्ने नागरिक समाजका सङ्गठनहरूसँग मिलेर काम गर्नेछ ।

देशभर समुदायमा रहेका हाम्रा साझेदार नेपाल मानवअधिकार रक्षकहरूलाई म तपाईंहरूले गत मानवअधिकार दिवसयता यति धेरै कुरा हासिल गर्नुभएको छ भन्नेमा जोड दिन चाहान्छु । म तपाईंहरूलाई बधाइ दिन्छु । हामी उच्चायुक्तको कार्यालय, नेपालले आफ्ना गतिविधिहरू सुरु गरेयता विकसित भएको साझेदारीलाई बलियो बनाउने कार्यलाई जारी राख्ने छौं । अगाडि धेरै चुनौती हुनेछन् तर मानवअधिकारको संरक्षण र प्रबर्द्धन शान्ति प्रक्रियाको केन्द्रमा रहन्छ भन्ने सुनिश्चित गर्न हामी सबैले मिलेर काम गर्न अति आवश्यक छ ।

धन्यवाद ।